नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (संघीय मामिला शाखा)

सिंहदरवार, काठमाण्डौ

पत्र संख्याः सं.मा.शा.२०७४/०७५ फोन नं.०१-४२११९८९५

चलानी नं. 296

मितिः२०७५।०३।११

विषयः "<u>विद्यार्थी भर्ना विशेष अभियान,२०७५दोस्रो चरणको कार्ययोजना कार्यान्वयन सम्वन्धमा</u>।

श्री जिल्ला समन्वय समितिको कार्यालय,सवै ।

श्री महानगर/उप-महानगर/नगर कार्यपालिकाको कार्यालय ,सवै ।

श्री गाउँ कार्यपालिकाको कार्यालय,सवै ।

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।०२।२० को निर्णयबाट स्वीकृत भइ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवारको पत्र संख्या २०७४/०७५ च.नं.५००, मिति २०७५।०२।२३ को पत्रसाथ प्राप्त "<u>विद्यार्थी भर्ना विशेष अभियान,२०७५दोस्रो चरणको कार्ययोजना "</u> यसैसाथ संलग्न छ ।सो सम्वन्धमा सवै स्थानीय तहहरूले संलग्न कार्ययोजना कार्यान्वयन गरी आ-आफ्नो क्षेत्रभित्रमा विद्यालय वाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याई भर्ना गर्नु गराउनु भइ राष्ट्रिय अभियानलाई सहयोग गर्नु हुन यस मन्त्रालयको मिति २०७५।०३।११को निर्णयानुसार(सचिवस्तर) अनुरोध छ ।

<u>बोधार्थः-</u>

**श्री शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,**

सिंहदरवार,काठमाण्डौं ।

**श्री सूचना तथा विद्युतीय शासन शाखा,**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय । पत्र यस मन्त्रालयको Website मा Upload गरी दिनुहुन अनुरोध छ ।

०७५।३।११

( खेमराज जोशी)

शाखा अधिकृत

*" एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व, पहँचको सुनिश्चितता सिकाइको स्थायीत्व"*

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

## विद्यार्थी भर्ना विशेष अभियान २०७५
## दोस्रो चरणको कार्ययोजना
## २०७५/०२/०८ गते देखि भदौ ३१ सम्म

**उद्देश्य :** नेपालको संविधानले प्रत्याभूत गरेको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको अधिकार कार्यान्वयनका लागि विद्यालय बाहिर रहेका विद्यालय जाने उमेर समूह (५–१२) का सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना भएको सुनिश्चितता गर्ने ।

| सि.नं. | मुख्य क्रियाकलाप | कहिले गर्ने | कसरी गर्ने | कसले गर्ने (जिम्मेवार निकाय) | सहयोगी निकाय | अनुगमन सूचक | कार्यसम्पन्नताको अवस्था |
|---|---|---|---|---|---|---|---|
| १ | सम्पूर्ण स्थानीय तहहरूले २०७५ भदौ ३१ सम्म आफ्नो पालिकाभित्र विद्यालय बाहिर रहेका विद्यालय जाने उमेर समूहका कुनै पनि बालबालिका **"विद्यालय बाहिर नरहेको"** घोषणा गर्नका निम्ति नेपाल सरकारले निर्देशन दिने । | जेष्ठ २० गते | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट मन्त्रीपरिषदमा प्रस्ताव पेश गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह | शिक्षा विभाग, सरकारी गैरसरकारी संघसंस्था | निर्देशन पत्र | |
| २ | सबै क्षेत्रीय शिक्षा निर्देशनालयहरुले सम्बन्धित प्रदेशका सामाजिक विकास मन्त्रीज्यूको आतिथ्यमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखहरुको बैठक राखी सबै बालबालिकाहरुलाई भर्ना गराउने र विद्यालय बाहिर नरहेको सुनिस्चितताका लागि आवश्यक निर्णय गर्ने । | असार ५गते सम्म | सामाजिक विकास मन्त्रीज्यूको कार्यकक्षमा क्षेत्रीय शिक्षा निर्देशकले सबै शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको बैठक राखी निर्देशन । | क्षेत्रीय शिक्षा निर्देशनालय | सामाजिक विकास मन्त्रालय, शिक्षा विभाग, शिक्षा विकास तथा समन्वय इकाइ, | बैठककाे उपस्थिति, सम्पादित कार्य | |
| ३ | शिक्षा विकास तथा समन्वय इकाइहरूले जिल्ला भित्रका सम्पूर्ण स्थानीय तहहरूबाट घोषणा गर्नु पुर्व गर्नुपर्ने तयारीका सम्बन्धमा सम्पूर्ण सरोकारवालाहरूको (राजनीतिक दल, जनप्रतिनिधि, सरकारी/गैरसरकारी संघसंस्था, कलाकार, पत्रकार लगायत) उपस्थितिमा जिल्ला समन्वय समितिका संयोजकको अध्यक्षतामा बैठक राखी तोकीएको मापदण्डका आधारमा सम्पूर्ण स्थानीय तहहरूलाई घोषणाका निम्ति अनुरोध गरी आवश्यक समन्वय र सहजीकरण गर्ने । | असार २०गते सम्म | जिल्ला समन्वय समितिका सभापतीको कार्यकक्षमा सम्बन्धित इकाइ प्रमुखले बैठक राखी सम्पूर्ण सरोकारवालाहरुसँग समन्वय, सहकार्य र सहजीकरण | शिक्षा विकास तथा समन्वय इकाइ | शिक्षा विभाग, जिल्ला समन्वय समिति, सरकारी गैरसरकारी संघसंस्था, पत्रकार, कलाकार, सामाजिक अभियन्ता | मापदण्डको तयारी, बैठकका निर्णयहरु, कार्यदल, विभिन्न समितिहरुको निर्माण | |
| ४ | सबै स्थानीय तहहरुले आफ्नो पालिका भित्र विद्यालय जाने उमेर समूहका बालबालिकाहरू विद्यालय बाहिर नरहेको एकिन गर्नका निम्ति वडा कार्यालय, विद्यालय, शिक्षक, विद्यार्थी (परियोजना कार्यका रुपमा), सामाजिक संघसंस्थालगायतको सहयोगमा प्रत्येक घर घरमा पुगी हालसम्म पनि विद्यालयमा भर्ना नभएका बालबालिकाहरुको वैयक्तिक विवरण संकलन गर्ने । घरधुरी सर्वेक्षण फारामको नमूना शिक्षा विभागले उपलब्ध गराउनेछ । | साउन ३१गते सम्म | घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुको वैयक्तिक विवरण संकलन गर्ने । | स्थानीय तह, वडा कार्यालय, विद्यालय, सामाजिक संघसंस्था | शिक्षा विभाग, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | घरधुरी सर्वेक्षण विवरण | |
| ५ | सबै स्थानीय तहहरुले घरधुरी सर्वेक्षण फारामबाट विद्यालय बाहिर रहेको एकिन भएका बालबालिकाहरूलाई नजीकको पायक पर्ने विद्यालयमा पाठ्यपुस्तक सहित भर्ना गर्ने गराउने । | साउन ३१ गतेसम्म | विद्यार्थी भर्ना गरी निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने । | विद्यालय, स्थानीय तह, | सामाजिक संघसंस्था | विद्यार्थी भर्नाको विवरण | |
| ६ | अपाङ्गता भएका बालबालिकाहरूलाई अपाङ्गताको प्रकृति हेरी स्रोतकक्षा सञ्चालन भएका नजीकका विद्यालयमा भर्ना गर्ने गराउने । | साउन ३१गते सम्म | अपाङ्गता भएका बालबालकिाहरुको भर्ना | स्थानीय तह, शिक्षा विभाग | सामाजिक संघसंस्था | विद्यार्थी भर्नाको विवरण | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | धेरै संख्यामा बालबालिका विद्यालय बाहिर रहेका (विशेष गरी तराइका) जिल्लाहरुमा शिक्षा मन्त्रालयको स्वयंसेवक परिचालन शाखाबाट बजेट व्यवस्थापन गर्ने गरी स्वयंसेवक परिचालन गर्ने र सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन सहयोग गर्ने । | असार ३२ गतेसम्म | स्वयंसेवकको परिचालन गरी सघन रुपमा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने । | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह | शिक्षा विभाग, सरकारी गैरसरकारी संघसंस्था | विद्यार्थी भर्नाको विवरण | |
| ८ | स्वेच्छिक अभिभावकत्व ग्रहणका लागि प्रदेश तथा स्थानीय तहबाटै आह्वान गर्ने । | असार २० गतेसम्म | स्वेच्छिक अभिभावकत्व ग्रहणका लागि प्रदेश तथा स्थानीय तहबाटै आह्वान गर्ने । | प्रदेश सरकार, स्थानीय तह | शिक्षा विभाग | अभिभावकत्व ग्रहणको लागि आह्वान | |
| ९ | शिक्षा विभागबाट बालबाललिकाहरुको बैयक्तिक विवरण संकलनका लागि घरधुरी सर्वेक्षण फारामको नमूनाको विकास, स्रोतकक्षाहरुको विवरण प्रकाशन, घोषणाका लागि आवश्यक मापदण्डको विकास तथा समन्वय र सहजीकरण गर्ने | असार ४ गतेसम्म | घरधुरी सर्वेक्षण फारामको नमूनाको विकास, स्रोतकक्षाहरुको विवरण प्रकाशन, घोषणाका लागि आवश्यक मापदण्डको विकास | मन्त्रालय, शिक्षा विभाग | स्थानीय तह | घरधुरी सर्वेक्षण फाराम, स्रोतकक्षा विवरण, आवश्यक मापदण्ड | |
| १० | सम्पूर्ण गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाहरूले भदौ ३१ सम्म आफ्नो पालिकाभित्र विद्यालय जाने उमेर समूहका बालबालिका **"विद्यालय बाहिर नरहेको"** सम्बन्धित तहबाटै निर्णय गराई घोषणा गर्ने । | भदौ ३१ गतेसम्म | विद्यालय उमेरका बालबालिका **"विद्यालय बाहिर नरहेको"** सम्बन्धित तहबाटै निर्णय गराइ घोषणा गर्ने । | जिल्ला समन्वय समिति, स्थानीय तह | शिक्षा विकास तथा समन्वय इकाइ | विद्यालय उमेर समूहका बालबालिका विद्यालय बाहिर नरहेको घोषित स्थानीय तह संख्या | |
| ११ | विद्यालयमा भर्ना भएका बालबालिकाहरुको **सिकाइको स्थायित्व**का निमित्त कम्तिमा कक्षा ५ सम्मका सबै बालबाललिकाहरुलाई दिवा खाजा, विपन्न/गरिब अभिभावकका सहायता कार्यक्रम, कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था, बालमैत्री विद्यालय पूर्वाधार लगायतका आधारभूत आवश्यकता पुर्तिको सुनिश्चितताका लागि आगामी आ.व.को बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गरिनेछ । | निरन्तर | सिकाइको स्थायीत्वका लागि लक्षित कार्यक्रम | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह, शिक्षा विभाग | सिकाइमा स्थायीत्व | |